# अन्नपुर्ण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं. ९८५७६८३८१० (प्र.प्र.अ.)
ईमेल : ito.annamun@gmail.com
वेब : www.annapurnamunmyagdi.gov.np


मितिः २०७७/०९/०८

**अन्नपूर्ण गाउँपालिकाको सूचना**

आर्थिक वर्ष २०७७/०७८ को नेपाल सरकार, राष्ट्रिय फलफूल विकास कार्यक्रमको सशर्त अनुदान बमोजिम संचालन हुने नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम र अन्नपूर्ण गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार एक वडा एक नर्सरी कार्यक्रम संचालन गर्न चाहनुहुने व्यवसायिक कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँपालिकाको कृषि शाखामा तल उल्लेखित कागजातहरु समेत समावेश गरी रित पुर्वको निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना गरिएको छ।

| क्र.सं. | कार्यक्रम | अनुदान सहयोग | संख्या | स्वीकृत वार्षिक बजेट |
|---|---|---|---|---|
| १ | नयाँ बहुउद्येश्यीय नर्सरी स्थापना | ६६.६६% गाउँपालिकाको अनुदान | १ | २,००,००० |
| २ | एक वडा एक नर्सरी | ६६.६६% गाउँपालिकाको अनुदान | २ | २,००,००० |

पेश गर्नुपर्ने कागजातहरू:

- लिखित निवेदन,
- सम्बन्धित वडाको सिफारिस,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- समूह तथा सहकारीको हकमा नियमानुसार दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिप
- लालपुर्जाको प्रतिलिपि, आफ्नो नाममा नभएको जग्गा भएमा मन्जुरीनामा, लिजमा लिएको खण्डमा कम्तीमा ५ वर्षको करार सम्झौताको प्रतिलिपि,
- कृषि फर्म/संस्थाको हकमा स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- नर्सरीको विस्तृत कार्ययोजना
- सहकारीको हकमा गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,
- कार्यक्रम संचालन भएको कम्तीमा ५ वर्ष निरन्तर कार्यक्रम गर्ने प्रतिबद्धता पत्र,
- समूह, सहकारीहरुले प्रस्ताव स्वीकृत गरि अनुदान माग गरिएको निर्णयको प्रतिलिपि।

२०७७/०९/०८

..........................................

नविन सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

नविन सुवेदी

प्रमुख प्रशासकीय अधिकृत